# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५३/०७७-७८** प्रकाशन मिति २०७७/०६/२८

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/८/२ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(च) दरखास्त दस्तुर रा.प. प्रथम श्रेणीको लागि रु. १,५००।- (एक हजार पाँच सय) र रा.प. द्वितीय श्रेणीको लागि रु. १,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

**क) राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव वा सो सरह)**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या | क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | **अप्राविधिकतर्फ रा.प. प्रथम श्रेणी** | | | | | | |
| १. | १/०७७-७८ | परराष्ट्र | २ (दुई) | २. | २/०७७-७८ | प्रशासन | २२ (बाइस) |
| (आ) | **प्राविधिकतर्फ रा.प. प्रथम श्रेणी** | | | | | | |
| १. | ३/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल | २ (दुई) | २. | ४/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | १ (एक) |
| ३. | ५/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | २ (दुई) | ४. | ६/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | २ (दुई) |
| ५. | ७/०७७-७८ | इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल | १ (एक) | ६. | ८/०७७-७८ | कृषि, ला.पो.डे.डे. | १ (एक) |
| ७. | ९/०७७-७८ | कृषि, भेटेरिनरी | १ (एक) | ८. | १०/०७७-७८ | शिक्षा, शिक्षा प्रशासन | १ (एक) |

**ख) राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह)**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या | क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | **अप्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी** | | | | | | |
| १. | ११/०७७-७८ | परराष्ट्र | १ (एक) | २. | १२/०७७-७८ | प्रशासन, सामान्य प्रशासन | ४५ (पैंतालीस) |
| ३. | १३/०७७-७८ | प्रशासन, लेखा | ८ (आठ) | ४. | १४/०७७-७८ | प्रशासन, राजस्व | ७ (सात) |
| ५. | १५/०७७-७८ | लेखापरीक्षण | २ (दुई) | | | | |
| (आ) | **प्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी** | | | | | | |
| १. | १६/०७७-७८ | आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ (एक) | २. | क | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे | ५ (पाँच) |
| ३. | १८/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | ३ (तीन) | ४. | १९/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | ४ (चार) |
| ५. | २०/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | १ (एक) | ६. | २१/०७७-७८ | इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | १ (एक) |
| ७. | २२/०७७-७८ | इञ्जिनियरिङ्ग, इले एण्ड टेली इञ्जि. | १ (एक) | ८. | २३/०७७-७८ | इञ्जिनियरिङ्ग, मेकानिकल, जनरल मेकानिकल | १ (एक) |
| ९. | २४/०७७-७८ | इञ्जिनियरिङ्ग, मेकानिकल, नि.उ.स. | १ (एक) | १०. | २५/०७७-७८ | इञ्जिनियरिङ्ग, मेटेरियोलोजी | १ (एक) |
| ११. | २६/०७७-७८ | इञ्जिनियरिङ्ग, केमेष्ट्रि | १ (एक) | १२. | २७/०७७-७८ | इञ्जिनियरिङ्ग, एगृ. इरिगेशन इञ्जिनियरिङ्ग | २ (दुई) |
| १३. | २८/०७७-७८ | कृषि, बाली संरक्षण | १ (एक) | १४. | २९/०७७-७८ | कृषि, माटो विज्ञान | १ (एक) |
| १५. | ३०/०७७-७८ | कृषि, भेटेरिनरी | १ (एक) | १६. | ३१/०७७-७८ | कृषि, खा.पो.गु.नि. | १ (एक) |
| १७. | ३२/०७७-७८ | विविध, वरिष्ठ समाजशास्त्री | १ (एक) | १८. | ३३/०७७-७८ | विविध, वरिष्ठ अर्थशास्त्री | १ (एक) |
| १९. | ३४/०७७-७८ | विविध, प्रमुख महिला विकास अधिकृत | १ (एक) | २०. | ३५/०७७-७८ | वन, बोटानी | १ (एक) |
| २१. | ३६/०७७-७८ | शिक्षा, शिक्षा प्रशासन | १० (दश) | २२. | ३७/०७७-७८ | शिक्षा, पुरातत्व | १ (एक) |